नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाण्डौं

## HPLC उपकरण खरिदका लागि विद्युतिय बोलपत्र आव्हानको सूचना

### ठेक्काको सूचना नं. DFTQC/NCB-01/2079/2080

(सूचना प्रकाशित मिति :- २०७९।०८।१८ गते)

१. योग्य बोलपत्रदाताहरुवाट, राष्ट्रिय स्तरको खुल्ला विद्युतिय बोलपत्रको प्रकृया अन्तर्गत HPLC उपकरण खरिदका लागि बोलपत्र आव्हान गर्दछ ।

२. योग्य बोलपत्रदाताहरुले यस सम्वन्धमा थप जानकारीको लागि वा बोलपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा यस विभागको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन् : टेलिफोन नं. ०१-४२५११३२ र इमेल : admdftqc@gmail.com वा e-GP सिष्टम :- www.bolpatra.gov.np/egp

३. योग्य बोलपत्रदाताहरुले बोलपत्र सम्वन्धी कागजातहरु यस विभागवाट यो सूचना प्रकाशित मितिले ३० औं दिन (मिति २०७९।०९।१८ ) गते भित्र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४८ को उपनियम १ (क) अनुसार बोलपत्र सम्वन्धी कागजातको दस्तुर/राजश्व रकम रु. ३०००।- (फिर्ता नहुने गरी) राष्ट्रिय वाणिज्य बैंक स्थित यस विभागको कोड नं. ३१२०३३५०३ राजश्व शिर्षक नं. १४२२९ मा जम्मा गरी सक्कलै भौंचर साथ चालु आ.व.को लागी नविकरण भएको फर्म दर्ता प्रमाण पत्र, आयकर एवं मूल्य अभिवृद्दि कर दर्ता प्रमाणपत्र, आ.ब. ०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरुका साथै खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, पेशा, व्यवसाय सम्बन्धी कसुरमा सजाय नभएको भनि लिखित रुपमा स्वघोषणा पत्र समेत संलग्न राखी e-GP System ;- www.bolpatra.gov.np/egp वाट downloaded गरि प्राप्त गर्न सकिने छ ।

४. पूर्व-वोलपत्र बैठक सूचना प्रकाशित भएको २० औं दिन यस विभागमा हुनेछ ।(मिति २०७९।०९।०८ गते दिनको १.०० वजे )

५. बोलपत्र जमानत वापतको रकम रु. ४,४०,०००।– यस विभागको कार्यालय कोड नं. ३१२०३३५०३ को.ले.नि.का.,समन्वय कार्यालय बबरमहलको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा दाखिला गरेको सक्कलै भौचर वा कम्तीमा १२० दिन म्याद भएको (वोलपत्र वुझाउने अन्तिम मिति देखि) बैंक ग्यारेन्टी (विड वण्ड) बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

६. बोलपत्र फाराम वुझाउने :- प्रथम पटक प्रकाशित बोलपत्र आव्हानको सूचनाको ३१ औं दिन दिनको १२ वजे भित्र अर्थात मिति २०७९।०९।१९ गते १२ वजे भित्र विद्युतिय प्रणालिमा प्रविष्ट गरिसक्नुपर्नेछ ।

७. वोलपत्र खोल्ने :- बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवारमा यस विभागले बोलपत्रको सूचना प्रकाशित भएको मितिको ३१ औं दिन अर्थात मिति २०७९।०९।१९ गते दिनको २.०० वजे खोलिनेछ ।

८. बोलपत्रको मान्य अवधि ९० दिन (वोलपत्र खोलिएको दिन देखि) हुनेछ ।

९. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको समयमा बोलपत्र पेश गर्ने र खोल्ने मिति कायम हुनेछ ।

१०. कुनै वा सबै बोलपत्र पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस विभागमा निहित रहने छ ।

११. यस सूचनामा उल्लेख भएका बाहेकका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ तथा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

| ठेक्का नं. | सामानको विवरण | बोलपत्र जमानत रकम रु. | बोलपत्र दस्तुर |
|---|---|---|---|
| DFTQC/NCB/01/079-080 | HPLC उपकरण | ४,४०,०००।- | ३,०००।- |